देवचुली नगरपालिका

# स्थानीय राजपत्र

खण्डः१.  संख्याः.१  प्रमाणित मितिः २०७५/१०/२७

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०७५/११/१३

देवचुली नगरपालिका राजपत्र

## भाग-१

## देवचुली नगरपालिकाको

## प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७५

## २०७५ सालको ऐन नं.१

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम देवचुली नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम **देवचुली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५** रहेको छ ।

(२) यो ऐन देवचुली नगरपालिका क्षेत्रभित्र देवचुली नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले देवचुली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले देवचुली नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले देवचुली नगरपालिका सम्झनु पर्छ ।

(ङ)	"सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च)	"संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार:** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त देवचुली नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ ।

**४.निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही देवचुली नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

देवचुली नगरपालिका राजपत्र